# कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति २०७५/१०/२४

**प्रस्तावनाः** कृषि पेशालाई मर्यादित, प्रतिस्पर्धात्मक एवम् व्यावसायिक बनाउन यान्त्रिकरणका माध्यमबाट कृषि आधुनिकीकरण गरी बाली अनुसारको उत्पादन देखी बाली भित्र्याउने सम्म र भण्डारण देखी बजारीकरणसम्म कृषकहरुको कृषि यन्त्र तथा उपकरणहरुमा पहुँच बढाई कम उत्पादन लागतबाट उत्पादन र आयमा बृद्धि गराउनको लागि अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आपूर्तिकर्ता" भन्नाले मन्त्रालय वा मातहतका निकायमा सुचिकृत भई कृषि, पशुपन्छी, तथा मत्स्यपालन सम्बन्धि यन्त्र उपकरण उपलब्ध गराउने विक्रता सम्झनुपर्छ।

(ख) "उपभोक्ता" भन्नाले कृषि व्यवसाय गर्ने उद्देश्य लिई अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक प्रचलित कानुनबमोजिम स्थापना भएको कृषि समूह/सहकारी/निजि उद्यमी/फर्म वा संस्थामा संलग्न व्यक्ति वा समूह सम्झनुपर्छ ।

(ग) "कष्टम हायरिङ सेन्टर" भन्नाले यन्त्रिकरण प्रवर्द्धनका निम्ती सम्बन्धित कृषक समूह, सहकारीद्वारा सञ्चालित बाली बस्तुका लागी उत्पादनदेखी

पोष्टहार्भेष्ट सम्म आवश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सुबिधायुक्त केन्द्र सम्झनुपर्छ।

(घ) "कृषि यन्त्र उपकरण" भन्नाले कृषि पशुपन्छी तथा मत्स्यसम्वन्धी उत्पादन, प्रशोधन, प्याकेजीङ्ग, भण्डारण र ढुवानीमा प्रयोग हुने सवै प्रकारका यन्त्र उपकरणहरुलाई सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

(च) "समिति" भन्नाले यसै कार्यविधिको दफा १२ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(छ) "सेट" भन्नाले इञ्जिन, मोटर वा यसमा जडान गरी सञ्चालन गरिने एक वा सोभन्दा बढी यन्त्र उपकरणहरुको संयुक्त रूपलाइ सम्झनुपर्छ ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** अनुदानमा कृषि यन्त्र उपकरणहरु वितरण गरिने कार्यक्रम सञ्चालन प्रकृयालाई पारदर्शी सरल र सहज बनाउने।

४. **<u>कार्यक्रम सञ्चालनको उद्देश्यः</u>** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्ः

(क) कृषिमा यान्त्रीकरण गर्ने।

(ख) कृषिमा उत्पादन लागत घटाई कृषि ब्यबसायलाई नाफामूखी बनाउने।

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने।

(घ) कृषिलाई यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद २

## <u>कार्यक्रम सञ्चालन प्रकृया</u>

५. **<u>जिल्ला तथा बाली बस्तु छनौट</u>**ः कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली बस्तु छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) कार्यक्रम सञ्चालन हुने क्षेत्रः प्रदेश नं. ५ का १२ जिल्लाहरु ।

(ख) बाली तथा बस्तु छनौटका प्राथमिकताहरु: खाद्यान्न, तरकारी, मसला बाली, पुष्प, फलफूल, च्याउ, मौरी, पशुपन्छी, मत्स्य आदि।

६. **प्रस्ताव माग गर्ने विधीः** (१) आपूर्तिकर्तासँग प्रस्ताव माग गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) मन्त्रालयले कृषि यन्त्र उपकरणहरुको आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुबाट यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडेल, ब्रान्ड, र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहिकृत गरी दररेट प्रस्ताव आह्वानको लागि ३० (तीस) दिने म्याद दिई राष्ट्रिय वा प्रदेशस्तरको पत्रिकामा अनुसूची १(क) बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा १ खण्ड (क) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसूची २ (क) बमोजिमका कागजातहरु, अनुसूची ३ बमोजिमका आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको विवरण र दररेट सहित निबेदन पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रस्तावहरु दफा १४ उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले तोकिएका आधार तथा शर्तहरु अनुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावदाता छनौट गरी आपूर्तिकर्ताको नाम र मूल्य सूचि मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नेछ।

(२) कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुसँग प्रस्ताव माग गर्दा देहायबमोजिम गर्नुपर्ने छः

(क) मन्त्रालयले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्नको लागि इच्छुक कृषक, कृषकसमूह, कृषि सहकारी संस्था, निजी फर्म तथा उद्यमीहरुलाई निबेदन पेश गर्न ३० (तीस) दिने म्याद दिई राष्ट्रिय वा प्रदेशस्तरको पत्रिकामा अनुसूची १(ख) बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) उपदफा (२) खण्ड (क) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले सूचनामा उल्लेख भए बमोजिमको अनुसूची २ को (ख) र (ग) अनुसारको

कागजात सहित अनुसूची ५ र ६ को ढाँचामा विवरण भरी दिइएको म्याद भित्र यस मन्त्रालयका मातहतका निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ग) उपदफा (२) खण्ड (ख) बमोजिमका निकायमा दर्ता हुन आएका निबेदनहरु म्याद समाप्त भएको भोलिपल्ट मन्त्रालयमा जानकारी गराई प्रस्ताव सहित सम्पूर्ण कागजातको सक्कल फाईल ७ दिनभित्र यस मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

७. **<u>प्रस्ताव मूल्याङ्कन तथा सामग्री वितरणः</u>** (१) कृषि यन्त्रको लागि पेश भएका प्रस्तावहरुको अनुसुची १० र ११ मा तोकिएका आधार बमोजिम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारीश गर्नेछ। यस कार्यका लागि मूल्याङ्कन समितिले आवश्यकता अनुसार कम्तीमा प्राविधिक अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा एक मूल्याकंन उपसमिति गठन गरी कार्य गराउन सक्नेछ।

(२) अनुदान ब्यवस्थापन समितिले पेश भएको मूल्याङ्कन प्रतिवेदन अध्ययन गरी अनुदानमा कृषि यन्त्र प्रदान गर्नको लागि स्वीकृत गर्नेछ ।

(३) स्वीकृत कृषि यन्त्रको अनुदानको विवरण तथा सामग्री आपूर्तिकर्ताको विवरण यस मन्त्रालयको वेबसाईटमा राखिनेछ।

(४)उक्त विवरण अनुसार अनुदानग्राहीहरुले आफूलाई पायक पर्ने आपूर्तिकर्ताबाट आफ्नो तर्फबाट व्यहोर्ने रकम तिरी कृषि यन्त्र अनुदानमा लैजान सक्नेछन्।

(५) कार्यक्रम सञ्चालन गर्दा कष्टम हाइरिङ सेन्टरलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ।यसरी दिइने अनुदान रकम प्रती कष्टम हाइरिङ सेन्टरहरु २५ लाखमा नबढ्ने गरी हुनेछ।यस्ता कष्टम हाइरिङ सेन्टरमा उपलब्ध मेशिनरी औजार सम्बन्धित कृषक समुह वा सहकरीले आबद्ध कृषकहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्ने छ।

८. **<u>अनुदान रकम भूक्तानी प्रक्रियाः</u>** (१)अनुदानको रकम भूक्तानी गर्दा आपूर्तिकर्ताले देहाय बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ।

(क) आपूर्तिकर्ताले उपभोक्तालाई अनुदानमा वितरण गरिएका सामग्री बुझेको भरपाई स्पेशिफिकेशन, मूल्य र सामाग्री वितरणको फोटो

तथा सम्बन्धित उपभोक्ताको सिफारिस र कार्य सम्पन्न प्रतिवेदन सहित अनुदान रकमको लागि सम्बन्धित मन्त्रालय वा मातहतका कार्यालयमा अनुसुचि ८ बमोजिम निवेदन पेश गर्नुपर्नेछ।

(ख) आपूर्तिकर्ताले पेश गरेको विवरणको आधारमा मन्त्रालय वा मातहतका कार्यालयद्वारा अनुसुची ९ बमोजिम अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ ।

(ग) यसरी यान्त्रीकरणमा दिइने अनुदान रकमको भुत्तानी सम्बन्धित मन्त्रालय वा मातहतको कार्यालयबाट आपूर्तिकर्ताको बैंक खातामा सिधै दिइने छ भने उपभोक्ताले व्यहोर्ने रकम सम्बन्धित उपभोक्ताले स्वयं आपूर्तिकर्तालाई दिनु पर्नेछ।

(घ) यसरी दिइएको अनुदान प्राप्त (मेसिनरी) यन्त्रमा उपभोक्ताले अनुसुचि १२ अनुसार प्रदश सरकारबाट अनुदान प्राप्त भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(ङ) मन्त्रालय वा मातहतको कार्यालयले संलग्न कागजातहरु जाँच गरी मूल्याँकन समितिको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ ।कार्यक्रमको रकम भूक्तानी गर्दा १.५ प्रतिशत अग्रीम आय कर कट्टा गरी भूक्तानी गरिनेछ ।

(२) उपभोक्ताको हकमा  देहायबमोजिम प्रकृया हुनेछ।

(क) दफा ७ उपदफा (३) बमोजिम मन्त्रालयको वेबसाईटमा प्रकाशन गरिएका अनुदानग्राहीले छनौट भएका आपूर्तिकर्तामध्ये आफूलाई पायक पर्ने आपूर्ति कर्ताबाट अनुदानमा सामाग्री लिन सक्नेछन् ।

(ख)सामाग्री उपलब्ध गराउँदा आपूतिकर्ताले अनुदान ग्राहीको बिस्तृत विवरण सहितको लगत राख्नु पर्नेछ ।

(ग) आपूतिकर्ताले अनुदानग्राहीबाट अनुसुची ७ बमोजिमको सिफारिस पत्र प्राप्त गरी भुक्तानीका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(घ) कृषि तथा पशुपन्छीको बजारिकरणका लागि प्रदान गरिने पिक अप भ्यान सम्बन्धमा छनौट भएका आवेदकहरुलाई प्रचलित कानूनबमोजिम मन्त्रालयले खरिद गरी उपलब्ध गराउन सक्नेछ।

(ङ) भुक्तानीसम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

९. **दोहोरो हुने गरी अनुदान प्रवाह नगरीने:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यक्षेत्र भित्र दोहोरो हुने गरी मेसिनरी औजार उपकरणमा अनुदान दिइने छैन।

१०. **आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरु:** कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ताले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ।

(क) आपूर्तिकर्ताले कृषि यन्त्र विक्रि वितरणका लागि मन्त्रालयले माग गरेको सूचना बमोजिमको अनुसूची -३ अनुसारको दररेट प्रस्ताव पेश गर्नुपर्नेछ।

(ख) आपूर्तिकर्ताले यस मन्त्रालयसँग कृषि यन्त्र तथा उपकरण अनुदानमा प्राप्त गर्नको लागि सम्झौता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

(ग) उपभोक्तालाई गुणस्तरीय कृषि यन्त्र उपकरण माग गरिएको समयमानै उपलब्ध गराउनुपर्नेछ ।

(घ) आपूर्तिकर्तालाई सम्बन्धित उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको भरपाई जिल्लास्थित मन्त्रालय मातहतका कार्यालयको सिफारिसको आधारमा भुक्तानी दिइने छ।

११. **उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु:** कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।

(२) ठूला ट्रेक्टर, कम्बाइन हार्भेष्टर आदिमा ५० प्रतिशत र साना कृषि मेसिनरी औजारहरु   पावर टिलर, मिनीटिलरमा र सहायक यन्त्र

आदिमा (एट्याचमेन्ट) न्यूनतम २५ प्रतिशतले हुन आउने रकम कृषकले स्वयं व्यहोर्नुपर्नेछ।

(३) सहायक यन्त्र औजार नलिने वा ट्रेक्टर मात्र लिने उपभोक्तालाई अनुदान दिइने छैन ।

(४) तर उपदफा (३) मा जुनसुकै कुरा लेखिएता पनि ठुला ट्र्याक्टर, पावर टिलर पहिलेनै भएको अवस्थामा सहायक यन्त्रहरु अनुदानमा लिनको लागि कुनै बाधा पर्ने छैन।

(५) अनुदान प्राप्त गर्ने समूहका सदस्यले आफ्नो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ।

(६) अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमै प्रयोग गर्नुपर्नेछ।

(७) अनुदानमा प्राप्त कृषि यन्त्र तथा उपकरणहरुलाई कृषि कार्यमा प्रयोग गर्ने तथा आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।

(८) अनुदान प्राप्त (मेसिनरी) यन्त्र उपकरणहरु कम्तिमा पाँच बर्षसम्म अरुलाई विक्रि वितरण गर्न पाइने छैन्।

(९) कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि प्रयोगमा आउने पिक अप लगायतका ढुवानी साधनहरुको हकमा ५० प्रतिशत अनुदान रकम दिने व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद ३

## समितिसम्बन्धी व्यवस्था

**१२. निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको **निर्देशक समिति** गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | माननीय मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| (ख) | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | सचिव | सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ङ) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिले कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

**१३.अनुदान व्यवस्थापन समितिः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि मूल्याङ्कन समितिबाट मूल्याँकन भइ प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | निर्देशक | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (च) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (छ) | प्रमुख | भुमि ब्यबस्था महाशाखा | सदस्य |
| (ज) | अधिकृतस्तरको प्रतिनिधि | आर्थीक मामिला तथा योजना मन्त्रालय | सदस्य |

| | | | |
|---|---|---|---|
| (झ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्न सक्नेछ ।

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ।

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ।

**१४.मूल्याङ्कन समितिः** (१) यस कार्यविधि बमोजिम अनुदानमा कृषि यन्त्र प्राप्त गर्नको लागि पेश भएका निबेदन तथा प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | महाशाखा प्रमुख | योजना तथा अनुगमन महाशाखा | अध्यक्ष |
| (ख) | शाखा प्रमुख | अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य |
| (ग) | शाखा प्रमुख | सहकारी तथा गरिबी निवारण शाखा | सदस्य |
| (घ) | शाखा प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य |
| (ङ) | शाखा प्रमुख | पशुपंछी ब्यबसाय प्रवर्द्धन शाखा | सदस्य |
| (च) | शाखा प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |

(छ) प्रमुख कानून तथा फैसला कार्यान्वयन शाखा सदस्य

(ज) शाखा प्रमुख खाद्य सुरक्षा प्रवर्द्धन शाखा सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता हुन आएका दररेटहरुको मूल्याङ्कन गरी मेशिनरी औजारको दररेट कायम गरि सूचना प्रकाशन गर्ने ।

(ख) कृषि यन्त्र उपकरणहरु आपूर्तिकर्ताबाट छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसूची-३ अनुसार दररेट प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडेल, ब्रान्ड, र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको दरलाई नै न्यूनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, म्याद भित्र दर्ता भई प्राप्त हुन आएका प्रस्तावहरु चेकलिस्ट अनुसार जाँच गरी सूची तयार तथा सर्टलिस्टिङ गर्ने ।

## परिच्छेद ४

## विविध

**१५. अनुगमन :** संचालित कार्यक्रमहरुको मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र मार्फत नियमित रुपमा अनुगमन गरिनेछ।

**१६.कार्यविधिको परिमार्जनः** यस कार्यविधिको संशोधन परिमार्जन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार गर्न सक्नेछ ।

१७.**<u>प्रचलित कानून लागू हुने:</u>** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै बमोजिम र यस कार्यविधिमा नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

१८.**<u>अन्तिम व्याख्या:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या भएमा मन्त्रालयले गरेको व्याख्या नै अन्तिम हुनेछ।

# अनुसूची-१

## १(क). कृषि यान्त्रीकरणमा अनुदान कार्यक्रमको लागी आपूर्ति कर्ताबाट दररेट प्रस्ताव आव्हानसम्बन्धी सूचनाको ढाचा

प्रथम पटक प्रकाशित मिति: २०७५...........................

यस मन्त्रालयको आ.व. २०७५।७६ को बार्षिक कार्यक्रमअनुसार यस प्रदेशका १२ (बाह्र) वटै जिल्लाका कृषकहरुलाई कृषि यान्त्रमा अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले आपूर्ति गर्न ईच्छुक कम्पनि/डिलर/फर्म तथा आपूर्तिकर्ताले आवश्यक विवरण सहितको दररेट यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरि पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित आवेदनको ढाँचा, कृषि यन्त्रका किसिम लगायतका पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धि बिस्तृत जानकारी यस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## १(ख). कृषि यन्त्रमा अनुदान लिनको लागि कृषक/कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुको लागि निबदेन पेश गर्ने सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति:२०७५...........................

यस मन्त्रालयको आ.व. २०७५।७६ को बार्षिक कार्यक्रमअनुसार यस प्रदेशका १२ (बाह्र) वटै जिल्लाका कृषकहरुलाई कृषि यन्त्र अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले उक्त कृषि यन्त्रहरु लिन चाहने ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुलेअनुसूची -२(ख) र (ग) बमोजिमको आवश्यक कागजात सहित अनुसूची-..४...... अनुसारको निबेदन यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस मन्त्रालयका मातहतका निकायमा आइपुग्ने गरि निबेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित निबेदनको ढाँचा, कृषि यन्त्रका किसिम तथा अनुदानमा कृषि यन्त्र माग गर्न मिल्ने आधारहरुको जानकारीका लागि यस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ।

## <u>अनुसूची -२</u>

## आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

### (क) कृषि सामाग्री आपूर्तिकर्ताहरुको लागि

कृषि यान्त्रीकरणको दररेटको लागि आवश्यक कागजात

१.व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण सहितको प्रमाणित प्रतिलिपी ।

२.संस्थाको PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

३.लेखा परिक्षण, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

४.आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रकोप्रमाणित प्रतिलिपी ।

५.आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता,PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपी ।

६.कृषि औजार उपकरणको Specification खुल्ने Catalogs र Leaflets ।

७.कृषि यान्त्रीकरण सम्बन्धी दररेट अनुसारको अनूसूचि-३ को विवरण तयार गरी प्रत्येक पाना प्रमाणित गरेको हुनुपर्नेछ।

८.सम्भव भए सम्म बुझिन भाषामा आधिकारिक टेस्ट सर्टिफिकेटको (Test Certificate) प्रमाणित प्रतिलिपी ।

### (ख) कृषक समूह तथा उपभोक्ताको लागि

१. कृषक समूह दर्ताको प्रामाण पत्रको प्रतिलिपी ।

२. समूहको निर्णय प्रतिलिपी ।

३. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

४. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासर्पोट साईजको)

५. यदि समूहको कुनै सदस्यले एकल रुपमा सामाग्री लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

६. मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धि तालिम भए सो प्रमाण पत्रको प्रतिलिपी ।

७. अनूसूचि-३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी ।

(ग) **कृषि सहकारी संस्था/नीजि फर्म/कृषि उद्यमी उपभोक्ताको लागि**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी ।

४. लेखा परिक्षणको प्रमाणित प्रतिलिपी ।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. संस्थाको निर्णय प्रतिलिपी ।

७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्ष) प्रमाणहरु सहित पेश गर्नु पर्नेछ ।

१०. अनूसूचि-३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी ।

## अनुसूची -३

## प्रस्ताव दररेट फाराम

१) फर्मको नाम:...............................................................................

२) कार्यालयको ठेगाना:......................................................................

सम्पर्क नं:.................................................................................

ईमेल:......................................................................................

३) आधिकारिक ब्यक्तिनाम:...........................................................

पद:...........................................................................................

सम्पर्क नं:...............................................................................

ईमेल:....................................................................................

४) फर्म रजिष्टेशन नं:.....................................................................

५) रजिष्टेशन गर्ने कार्यालय:...........................................................

६) फर्म दर्ता मिति:..........................................................................

७) PAN/VAT रजिष्टेशन नं:.............................................................

८) ब्यापारको किसिम/उद्देश्य:..........................................................

९) उपलब्ध गराउन सक्ने सामाग्री र कोटेशन मूल्य:

| क. कृषि तर्फ धान, गहुँ, मकै, आलु, तरकारीआदि वालीको लागि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कृषिमेशिनरी, औजार उपकरणहरुको नाम | ब्रान्ड | मोडल | एकबर्षमा आपूर्ति गर्न सक्ने विवरण | मूल्यअंकमा रु. | मूल्यअक्षरमा रु. | कै. |
| १ | चैतेधान सुकाउने मेशिन | | | | | | |
| २ | खाद्यान्नभण्डारणको लागि उपकरण | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | तरकारीढुवानी गर्ने चार पांग्रे गाडी | | | | | | |
| ४ | चार पांग्रे ट्र्याक्टरट्ली सहित | | | | | | |
| ५ | लेज ल्याण्ड लेभलर | | | | | | |
| ६ | टयाक्टर माउण्टेड कम्बाईन हार्भेष्टर | | | | | | |
| ७ | हे कोलेक्टर/बेलर | | | | | | |
| ८ | चार पांग्रे ट्र्याक्टरका एटयाचमेन्टहरु | | | | | | |
| ९ | कल्टिभेटर | | | | | | |
| १० | डिस्क प्लाव | | | | | | |
| ११ | डिस्क हैरो | | | | | | |
| १२ | एम.बि. प्लाव | | | | | | |
| १३ | हिलो चक्का/एन्टी स्कीड व्हील | | | | | | |
| १४ | एस वा सी टाईप रोटाभेटर | | | | | | |
| १५ | लेभलर | | | | | | |
| १६ | लेजर ल्याण्ड लेभलर | | | | | | |
| १७ | सिड कम फर्टिलाईजर डिल | | | | | | |
| १८ | न्यूम्याटिक सिड कम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | फर्टिलाईजर डिल | | | | | | |
| १९ | सिड ड्रिल | | | | | | |
| २० | सिड प्लान्टर | | | | | | |
| २१ | न्यूम्याटिक प्रिसिजन प्लान्टर | | | | | | |
| २२ | जिरो टिल सिड ड्रिल | | | | | | |
| २३ | रिजर/वण्ड फर्मर | | | | | | |
| २४ | राईस ट्रान्सप्लान्टर (सिडिलङ्ग र अन्या सामान सहित) | | | | | | |
| २५ | मेज प्लान्टर | | | | | | |
| २६ | पोटेटो प्लान्टर | | | | | | |
| २७ | पोटेटो डिगर | | | | | | |
| २८ | मेज हार्भेष्टर | | | | | | |
| २९ | रिपर मेशिन | | | | | | |
| ३० | मल्टी कप थ्रेशर | | | | | | |
| ३१ | धान थ्रेशर | | | | | | |
| ३२ | गहुँ थ्रेशर | | | | | | |
| ३३ | मेज सेलर | | | | | | |
| ३४ | मेज डिहस्कर | | | | | | |
| ३५ | पावर स्प्रेयर/बुम स्प्रेयर | | | | | | |
| ३६ | फर्टिलाईजर | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ब्रोडकास्टर/स्प्रेडर | | | | | | |
| ३७ | अन्य प्रकार केही भएमा आपूर्तिकर्ताले पेश गर्ने | | | | | | |
| ३८ | एन्टी स्किड ह्वील | | | | | | |
| ३९ | एन्टी स्किड ह्वील कनेक्टर/हब किनेकटर | | | | | | |
| ४० | डिस्क प्लाव | | | | | | |
| ४१ | डिस्क हैरो | | | | | | |
| ४२ | रिजर/बण्ड फर्मर | | | | | | |
| ४३ | सिड कम फर्टिलाईजर ड्रिल | | | | | | |
| ४४ | सिड ड्रिल | | | | | | |
| ४५ | पोटेटो प्लान्टर | | | | | | |
| ४६ | पोटेटो डिगर | | | | | | |
| ४७ | रिपर मेसिन | | | | | | |
| ४८ | थ्रेसर | | | | | | |
| ४९ | मल्टी क्रप थ्रेसर | | | | | | |
| ५० | पावर स्प्रेयर | | | | | | |
| ५१ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | | | | | |
| ५२ | मिनि टिलर अधिकतम ९ एच.पी. सम्म मात्र | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५३ | मिनि टिलर एटयाचमेन्टहरु | | | | | | |
| ५४ | हिलो चक्का/एन्टी स्कीड व्हील | | | | | | |
| ५५ | सिड ड्रिल | | | | | | |
| ५६ | रिजर | | | | | | |
| ५७ | एन्टी र्याप ब्लेड | | | | | | |
| ५८ | डिप टिलिङ्ग ब्लेड | | | | | | |
| ५९ | पोटेटो प्लान्टर | | | | | | |
| ६० | पोटेटो डिगर | | | | | | |
| ६१ | रिपर मेशिन | | | | | | |
| ६२ | थ्रेशर | | | | | | |
| ६३ | मल्टी क्रप थ्रेसर | | | | | | |
| ६४ | पावर स्प्रेयर | | | | | | |
| ६५ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | | | | | |
| ६६ | राईस ट्रान्सप्लान्टर (म्यानूयल) | | | | | | |
| ६७ | राईस ट्रान्सप्लान्टर (वाक विहान्ड) | | | | | | |
| ६८ | राईस ट्रान्सप्लान्टर (राईसडिङ्ग टाईप) | | | | | | |
| ६९ | सिडलिङ्ग मेशिन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७० | रिपर मेसिन | | | | | | |
| ७१ | रिपर बाईनडर मेशिन | | | | | | |
| ७२ | मल्टी क्रप थ्रेसर | | | | | | |
| ७३ | थ्रेसर | | | | | | |
| ७४ | कम्वाईन हार्भेष्टर | | | | | | |
| ७५ | पैडल थ्रेसर इलेक्ट्रिकल/ म्यानूयल | | | | | | |
| ७६ | मेज सेलर | | | | | | |
| ७७ | मेज डिहस्कर | | | | | | |
| ७८ | पावर स्प्रेयर | | | | | | |
| ७९ | ब्रस कटर | | | | | | |
| ८० | एरिएटर | | | | | | |
| ८१ | पेलेट मेशिन | | | | | | |
| ८२ | फिड मेशिन | | | | | | |
| ८३ | मड पम्म | | | | | | |
| ८४ | एकसेल फलो पम्म | | | | | | |
| ८५ | पि एच मिटर | | | | | | |
| ८६ | डिजल्भ अक्सिजन मिटर | | | | | | |
| ८७ | डी फ्रीज (हार्भेष्ट भएको माछा संरक्षणका लागि) | | | | | | |
| ८८ | अन्य प्रकार केही भएमा आपूर्तिकर्ताले पेश गर्ने | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **पशुपंछी पालन तर्फ** | | | | | | |
| ८९ | मिल्किङ मेशिन | | | | | | |
| ९० | साइलेज पैकेजिङ मेशिन | | | | | | |
| ९१ | टी.एम.आर. निर्माण मेशिन | | | | | | |
| ९२ | मिल्क एनालाइजर | | | | | | |
| ९३ | च्यापकटर | | | | | | |
| ९४ | चिलिङभ्याट | | | | | | |
| ९५ | चिलिङ्ग भ्यान | | | | | | |
| ९६ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरण | | | | | | |
| ९७ | पशुपंछी पालनमा प्रयोग हुने अन्य उपकरण | | | | | | |

फर्म तथा
संस्थाको छाप

(आधिकारीक ब्यक्तिको दस्तखत)

नामः......................................

पदः .......................................

फर्मको नामः............................

ठेगानाः..................................

# अनुसूचि -४

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरुको विवरण र वितरणको मापदण्डहरु

| क. धान, गहुँ, मकै, आलु, तरकारी आदि वालीको लागि | | | | |
|---|---|---|---|---|
| सि.नं. | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | Specification | अनुदान रकम (प्र.श.मा) | कैफियत |
| १ | चार पांग्रे ट्रयाक्टरट्ली सहित | अधिकतम ४५एच.पी. सम्म मात्र | ५० | • तराईको कृषकको हकमा आफ्नो नाममा वा जग्गा भाडामा भएमा ३ हेक्टर (६० रोपनी वा ९० कठ्ठा) र कृषकसमूह/सहकारी/फार्मको हकमा १० हेक्टर (२०० रोपनी वा ३०० कठ्ठा)<br>• पहाडको कृषकको हकमा आफ्नो नाममा वा जग्गा भाडामा भएमा १ हेक्टर (२० रोपनी वा ३० कठ्ठा) र कृषक समूह/सहकारी/फार्मको हकमा ५ हेक्टर (१०० रोपनी वा १५० कठ्ठा) |
| २ | चार पांग्रे ट्राक्टर ट्ली सहित, लेज ल्याण्ड लेभलर र ट्राक्टर माउण्टेड कम्बाईन हार्भेष्टर, हे कोलेक्टर/बेलर लिनेको | ५० एच.पी. भन्दा माथि | ५० | • तराईको कृषकको हकमा आफ्नो नाममा वा जग्गा भाडामा भएमा ३ हेक्टर (६० रोपनी वा ९० कठ्ठा) र कृषकसमूह/सहकारी/फार्मको हकमा १० हेक्टर (२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि | | | | रोपनी वा ३०० कठ्ठा)<br>• पहाडको कृषकको हकमा आफ्नो नाममा वा जग्गा भाडामा भएमा १ हेक्टर (२० रोपनी वा ३० कठ्ठा) र कृषक समूह/सहकारी/फार्मको हकमा ५ हेक्टर (१०० रोपनी वा १५० कठ्ठा) |
| ३ | चार पांग्रे ट्र्याक्टरका एटयाचमेन्टहरु | | | | |
| | ३.१ | कल्टिभेटर | | ७५ | |
| | ३.२ | डिस्क प्लाव | | ७५ | |
| | ३.३ | डिस्क हैरो | | ७५ | |
| | ३.४ | एम.बि. प्लाव | | ७५ | |
| | ३.५ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ७५ | |
| | ३.६ | एस वा सी टाईप रोटाभेटर | | ७५ | |
| | ३.७ | लेभलर | | ७५ | |
| | ३.८ | लेजर ल्याण्ड लेभलर | | ७५ | |
| | ३.९ | सिड कम फर्टिलाईजर डिल | | ७५ | |
| | ३.१० | न्यूम्याटिक सिड कम फर्टिलाईजर | | ७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | डिल | | | |
| | ३.११ | सिड ड्रिल | | ७५ | |
| | ३.१२ | सिड प्लान्टर | | ७५ | |
| | ३.१३ | न्यूम्याटिक प्रिसिजन प्लान्टर | | ७५ | |
| | ३.१४ | जिरो टिल सिड ड्रिल | | ७५ | |
| | ३.१५ | रिजर/वण्ड फर्मर | | ७५ | |
| | ३.१६ | राईस ट्रान्सप्लान्टर (सिडिलङ्ग र अन्या सामान सहित) | | ७५ | |
| | ३.१७ | मेज प्लान्टर | | ७५ | |
| | ३.१८ | पोटेटो प्लान्टर | | ७५ | |
| | ३.१९ | पोटेटो डिगर | | ७५ | |
| | ३.२० | मेज हार्भेष्टर | | ५० | |
| | ३.२१ | रिपर मेशिन | | ७५ | |
| | ३.२२ | मल्टी कप थ्रेशर | | ७५ | |
| | ३.२३ | धान थ्रेशर | | ७५ | |
| | ३.२४ | गहुँ थ्रेशर | | ७५ | |
| | ३.२५ | मेज सेलर | | ७५ | |
| | ३.२६ | मेज डिहस्कर | | ७५ | |
| | ३.२७ | कम्वाईन हार्भेष्टर (हे कोलेक्टर/बेलर | | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनिवार्य रुपमा लिनु पर्ने) | | | |
| | ३.२८ | हे कोलेक्टर/बेलर | | ७५ | |
| | ३.२९ | पावर स्प्रेयर/बुम स्प्रेयर | | ७५ | |
| | ३.३० | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ७५ | |
| | ३.३१ | अन्य प्रकार केही भएमा आपूर्तिकर्ताले पेश गर्ने | | ७५ | |
| ४ | पावर टिलर विथ कल्टीभेटर | | अधिकतम २० एच.पी. सम्म मात्र | ५० | |
| ५ | पावर टिलरका एट्याचमेन्टहरु | | | | |
| | ५.१ | एन्टी स्किड ह्वील | | ७५ | |
| | ५.२ | एन्टी स्किड ह्वील कनेक्टर/हब किनेकटर | | ७५ | |
| | ५.३ | डिस्क प्लाव | | ७५ | |
| | ५.४ | डिस्क हैरो | | ७५ | |
| | ५.५ | रिजर/बण्ड फर्मर | | ७५ | |
| | ५.६ | सिड कम फर्टिलाईजर ड्रिल | | ७५ | |
| | ५.७ | सिड ड्रिल | | ७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५.८ | पोटेटो प्लान्टर | | ७५ | |
| | ५.९ | पोटेटो डिगर | | ७५ | |
| | ५.१० | रिपर मेसिन | | ७५ | |
| | ५.११ | थ्रेसर | | ७५ | |
| | ५.१२ | मल्टी क्रप थ्रेसर | | ७५ | |
| | ५.१३ | पावर स्प्रेयर | | ७५ | |
| | ५.१४ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ७५ | |
| | ५.१५ | अन्य सहायक औजार केही भएमा पेश गर्ने | | ७५ | |
| ६ | | मिनि टिलर | अधिकतम ९ एच.पी. सम्म मात्र | ७५ | |
| ७ | | मिनि टिलर एटयाचमेन्टहरु | | ७५ | |
| | ७.१ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ७५ | |
| | ७.२ | सिड ड्रिल | | ७५ | |
| | ७.३ | रिजर | | ७५ | |
| | ७.४ | एन्टी र्याप ब्लेड | | ७५ | |
| | ७.५ | डिप टिलिङ्ग ब्लेड | | ७५ | |
| | ७.६ | पोटेटो प्लान्टर | | ७५ | |
| | ७.७ | पोटेटो डिगर | | ७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७.८ | रिपर मेशिन | | ७५ | |
| | ७.९ | थ्रेशर | | ७५ | |
| | ७.१० | मल्टी क्रप थ्रेसर | | ७५ | |
| | ७.११ | पावर स्प्रेयर | | ७५ | |
| | ७.१२ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ७५ | |
| | ७.१३ | अन्य प्रकार केही भएमा आपूर्तिकर्तालि पेश गर्ने | | ७५ | |
| ८ | स्वचालित उपकरणहरु | | | | |
| | ८.१ | राईस ट्रान्सप्लान्टर (म्यानूयल) | | ७५ | |
| | ८.२ | राईस ट्रान्सप्लान्टर (वाक विहान्ड) | | ७५ | |
| | ८.३ | राईस ट्रान्सप्लान्टर (राईसडिङ्ग टाईप) | | ७५ | |
| | ८.४ | सिडलिङ्ग मेशिन | | ७५ | |
| | ८.५ | रिपर मेसिन | | ७५ | |
| | ८.६ | रिपर बाईनडर मेशिन | | ७५ | |
| | ८.७ | मल्टी क्रप थ्रेसर | | ७५ | |
| | ८.८ | थ्रेसर | | ७५ | |
| | ८.९ | कम्वाईन हार्भेष्टर (हे कोलेक्टर/ | | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बेलर अनिवार्य रुपमा लिनु पर्ने) | | | |
| | ८.१० | पैडल थ्रेसर इलेक्ट्रिकल/ म्यानूयल | | ७५ | |
| | ८.११ | मेज सेलर | | ७५ | |
| | ८.१२ | मेज डिहस्कर | | ७५ | |
| | ८.१३ | पावर स्प्रेयर | | ७५ | |
| | ८.१४ | ब्रस कटर | | ७५ | |
| | ८.१५ | अन्य सहायक औजार केही भएमा | | ७५ | |
| **ख. मत्स्य उत्पादनको लागि वितरण औजार उपकरणहरु** | | | | | (सेट लागु हुने छैन) |
| ९ | | स्वचालित उपकरणहरु | | | |
| | ९.१ | एरिएटर | | ७५ | |
| | ९.२ | पेलेट मेशिन | | ७५ | |
| | ९.३ | फिड मेशिन | | ७५ | |
| | ९.४ | मड पम्म | | ७५ | |
| | ९.५ | एकसेल फलो पम्म | | ७५ | |
| | ९.६ | पि एच मिटर | | ७५ | |
| | ९.७ | डिजल्भ अक्सिजन मिटर | | ७५ | |
| | ९.८ | अन्य प्रकार केही भएमा | | ७५ | |

| | | | | |
|---|---|---|---|---|
| | | आपूर्तिकर्ताले पेश गर्ने | | |
| | ९.९ | डी फ्रीज (हार्भेष्ट भएको माछा संरक्षणका लागि) | ७५ | |
| १० | | पशुपंछी पालन तर्फ | | |
| | १०.१ | मिल्किङ मेशिन | ७५ | |
| | १०.२ | साइलेज पैकेजिङ मेशिन | ७५ | |
| | १०.३ | टी.एम.आर. निर्माण मेशिन | ७५ | |
| | १०.४ | मिल्क एनालाइजर | ७५ | |
| | १०.५ | च्यापकटर | ७५ | |
| | १०.६ | चिलिङभ्याट | ७५ | |
| | १०.७ | चिलिङ्ग भ्यान | ५० | |
| | १०.८ | पशुपंछी पालनमा प्रयोग हुने अन्य उपकरण | ५० | |
| ११ | ११.१ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरण | ५० | |

- माथि उल्लेखित बाहेकका कृषि र पशुपन्छी क्षेत्रको आधुनिकिकरण र व्यावसायिकताको लागि चाहिने अन्य मेशिनरी यन्त्र र उपकरणहरुको हकमा पनि यसै कार्यविधि अनुरुप हुनेछ।

## अनुसूची ५

## अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदन ढाँचा।

मिति :..............................

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल,रुपन्देही।

मार्फतः

श्री प्रमुख ज्यू,

कृषि ज्ञान केन्द्र वा पशु अस्पताल तथा पशु विज्ञ केन्द्र,

...................................... ।

**विषय : कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।**

मलाई/हामीलाई धान,गहुँ,मकै, आलु, तरकारी, आदी खेती वा मत्स्य उत्पादन वा अन्य .............................. कार्यमा उपयोग गर्नका लागि "कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार मन्त्रालयको मिति .......................... को...................................प्रादेशिक दैनिक पत्रिका र कृषि ज्ञान केन्द्र वा पशु अस्पताल तथा विज्ञ केन्द्रमा टाँस गरिएको सूचनाको आधारमा आवश्यक परेको कृषि यन्त्र उपकरणहरु अनुसूची ५ वमोजिमको प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :

निवेदक

नाम :

दस्तखत :

ठेगाना :

मोबाइल नं. :

समुह/ संस्थाको नाम :

पद :

समुह/ संस्थाको छाप :

पासपोर्ट साईजको दुवै कान देखिने फोटो

**अनुसूचि-६**

(प्रस्तावको ढाँचा)

प्रदेश सरकार

प्रदेश नं.५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

**कृषि यन्त्र उपकरण अनुदानमा लिनका लागि उपभोक्ताले भर्ने फारम**

(क) उपभोक्ताको विवरण :

१. नाम :- ............................. नागरिकता प्र.प.नं. ................... र जारी मिति ..............................

२. संस्था दर्ता नं. ............. दर्ता मिति .................. दर्ता निकाय ..........................................

३. स्थायी ठेगाना :- जिल्ला.......... गा.पा./न.पा. ......... वडा नं. ............. टोल ........................

४. हालको ठेगाना :- जिल्ला .........गा.पा./न.पा. ......... वडा नं. ............. टोल .........................

५. सम्पर्क : मोवाइल नं. ............................. फोन नं. ......... इमेल ....................................

६. सम्पर्क व्यक्तिको नामः .................. पद : .......... मोवाइल नं. ........... इमेल .....................

७. सदस्य संख्याः महिला .......... पुरुष .......... दलित ............ जनजाती .........अन्य....................

८. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............... अप्रत्यक्ष ......................................................

९. प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरणः

| सि.नं. | सम्भाव्य आपूर्तिकर्ता फर्मको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर / साइज | कूल मूल्य रु. | कृषकले व्यहोर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१०. प्राप्त कृषि यन्त्रहरु उपयोग अवस्था ............................ बाली र क्षेत्र :

| सि.नं. | बाली | क्षेत्रफल (विगहा/कट्ठा/रोपनी | अन्य खुलाउने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

११. माग गरिएको यन्त्र उपकरणहरु माग गर्नुको औचित्य/कारण......................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

...........................................................................................

१२. उत्पादित कृषिजन्य वस्तुहरुको सम्भावित बजार तथा खपतको अवस्था

१.

२.

३.

१३. कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथी पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्वाही भएमा राजी छु/छौं। मलाई/ हामीलाई त्यस मन्त्रालयबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

| संस्थाको छाप |
| --- |
| |

....................

निवेदकको नामः

सही : ...................

मिति : .........................

औंठा छापः

## अनुसूची -७

उपभोक्ता/ समूह/सहकारी संस्थाबाट गरिने सिफारिस पत्रको ढाँचा

मितिः ..................

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, रुपन्देही।
मार्फतः
श्री प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र/पशु अस्पताल तथा पशु विज्ञ केन्द्र,
...................................... ।

विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस गरेको वारे ।

प्रस्तुत विषयमा जिल्ला...................... गा.पा./न.पा......................... वार्ड नं. ..... बस्ने उपभोक्ता ................. .......................ले यस श्री ............................................................................ समूह/ सहकारी/फार्ममा आबद्ध रहनु भएको र निजले श्री..................................................... कम्पनि/फर्म/प्रा.लि.बाट तपसिलमा उल्लेखित यन्त्र उपकरणहरुको अनुदान बाहेकको रकम तिरी खरिद गरी लिइ सकेकोले हुँदा अनुदान रकम रु. ........................ अक्षरुपी .............................. निज आपुर्तिकर्तालाई भुक्तानी दिनुहुन भनी सिफारिस साथ अनुरोध गर्दछु/ छौ।

तपसिलः

| क्र.सं. | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | जम्मा | | | | |

उपभोक्ताको नामः..................................... अध्यक्षको नाम..............................

दस्तखतः ....................................... समूह/संस्थाको नाम...........................

मितिः...........................................

ठेगानाः...............................

दस्तखत ..........................

मिति ..............................

संस्थाको छाप ...................

# <u>अनुसूची ८</u>

अनुदान रकम भुक्तानी आवेदन फारम

## कृषि यन्त्र उपकरण आपुर्तिकर्ताको लागि

मितिः ..................

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही।

विषयः अनुदान रकम भुक्तानी पाउँ वारे ।

प्रस्तुत विषयमा यस मन्त्रालय च.नं. .......... मिति ............ को कार्यदिश अनुसार मेरो.......................................... फर्मबाट तपसिलमा उल्लेखित यन्त्र उपकरणहरु तपसिलका कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताले तपसिल बमोजिमको सामाग्री खरिद गरी कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताको तर्फबाट ब्यहोर्ने नगद रकम भूक्तानी गरि सामाग्री लगीसकेको हुनाले यस मन्त्रालयबाट दिनु पर्ने अनुदान रकम रु....................................... अक्षरुपी ....................................... भुक्तानी पाउँ भनी आवश्यक कागजात यसै निवदेन साथ संलग्न राखीपेश गरेको छु ।

तपसिलः

| क्र.सं. | कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता | ठेगाना | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | |
| | | | जम्मा | | | | |

**संलग्न कागजातहरु**

१. कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताले सामाग्री बुझेको भरपाई .......थान ।

२. सामाग्रीको वील...........थान ।

३. सामाग्री वितरणको फोटो ।

४. सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र/पशु अस्पताल तथा पशु विज्ञ केन्द्रको सिफारिस पत्र ।

आपुर्ति कर्ताको नामः

| संस्थाको छाप |
|---|
| |

फर्म/संस्थाको

नामः................................

ठेगाना :-

दस्तखतः .................

मिति : .................

## अनुसूची-९

(सम्बन्धित कृषि ज्ञान केन्द्र/पशु अस्पताल तथा विज्ञकेन्द्रको प्रयोजनको लागि)

मितिः......................

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही।

विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आपुर्तिकर्ता श्री ........................................................ले तपसिलमा उल्लेखित यन्त्र उपकरणहरु तपसिल बमोजिमका कृषकहरुलाई अनुदान बाहेकका रकम बुझिलिई विक्री वितरण गरेको हुनाले अनुदान रकम भुक्तानीको लागि सिफारिस साथ अनुरोध छ ।

तपसिलः

| क्र.सं. | कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता | ठेगाना | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | |
| | | | जम्मा | | | | |

कार्यालय प्रमुखको नाम ..............................
पदः............................
सहि ......................
कार्यालयको छापः

## अनुसूची-१०

स्थलगत प्रमाणिकरणका आधार (फारम)

१. कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता नामः

२.ठेगानाः

२. सम्पर्क व्यक्तिको नामः सम्पर्क नं.

३. समूह/सहकारी/ फर्मको नामः

४.ठेगानाः

५.लगानी उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | अवस्था | | कारण उल्लेख गर्ने |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | छ | छैन | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता (नियमित बैठक आदि) | सक्रिय | निश्क्रिय | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | एकल | समूह | |
| ४ | खेती गर्ने बालीको विवरण | खाद्यान्न, दलहन, तरकारी, फलफूल | | |
| ५ | जग्गाको विवरण | | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | | | |
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | आर्थिक/हितकोषको अवस्था | | | |
| ९ | भौतिक पूर्वाधार (सिचाइ,सडक विद्युत आदि) | | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | | | |

प्रमाणिकरण गर्नेको नाम ...........................
पदः...........................................................
सहि .....................................................................
कार्यालयः.............................................................

## अनुसूची ११

मूल्याङ्कनका लागि आधार (फाराम)

१.कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता नाम:

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम:

३.सम्पर्क नं.

४.लगानी उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | १० | | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता | १० | | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | १० | | |
| ४ | खेती गर्ने बालीको विवरण | १० | | |
| ५ | जग्गाको विवरण | १० | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | १० | | |
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | १० | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | १० | | |
| ९ | भौतिक पूर्वाधार (सिचाइ,सडक | १० | | |

| | | | | |
|---|---|---|---|---|
| | विद्युत आदि) | | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | १० | | |
| | जम्मा | १०० | | |

नोटः (सामान्य भए ४, मध्यम भए ६ र उत्तम भए १० प्रदान गर्ने)

## अनुसूची १२

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा ।

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

----------**प्रतिशत अनुदान प्राप्त**

आ.व. : ----------

आपूर्तिकर्ता : ----------